संघीय संसद
प्रतिनिधि सभा

एघारौं अधिवेशन

बैठक संख्या - १४

दैनिक कार्यसूची

२०७९ जेठ २० गते

शुक्रबार

बिहान ११:०० बजे

जरुरी सार्वजनिक महत्वको प्रस्ताव

१. मा० श्री विशाल भट्टराईले "अर्थतन्त्रका प्रमुख परिसुचकहरुप्रति सरकारले यथेष्ट ध्यान पुऱ्याउन नसक्दा जनताको जनजिविकासँग जोडिएका खाद्यान्न लगायत अन्य उपभोग्य वस्तुहरुको व्यापक मुल्य वृद्धि भएको छ । सरकारले मुद्रास्फितिलाई रोक्नुको सट्टा दिनादिनु खाना पकाउने ग्यास, डिजेल, पेट्रोल, मट्टितेल लगायतका जनताको जिवनसँग जोडिएका पेट्रोलियम पदार्थको मुल्य स्वचालित रुपमा पन्ध्र दिनमा एकपटक समायोजन गर्न सक्ने प्रावधान विपरित बढाएको छ । पेट्रोलियम पदार्थको मुल्य बढ्दा यसले पार्ने बहुआयामिक असर सम्बन्धमा कुनै विश्लेषण गरिएको छैन । पेट्रोलियम पदार्थको मुल्य समायोजन कसरी गर्न सकिन्छ भनेर प्रतिपक्ष दल एवं सम्बन्धित क्षेत्रका विज्ञसँग छलफल नगरी निजीकरणको कुरा उठाउनु असान्दर्भिक, गैर जिम्मेवार र वेमौसमी छ । नेपालको संविधानले सम्मानपूर्वक बाँच्न पाउने हकको व्यवस्था गरेपनि मुल्यवृद्धिका कारण निम्न वर्ग र कमजोर आयस्रोत भएका मानिसहरुलाई जीवन जीउन गाह्रो परिरहेको छ । जनताको आधारभुत आवश्यकता परिपूर्ति गर्ने कल्याणकारी राज्यको प्राथमिक र सर्वाधिक महत्वपूर्ण दायित्वको सुनिश्चित गर्न तत्काल पेट्रोलियम पदार्थको मुल्य घटाउने स्पष्ट खाका पेश गर्न सरकारलाई झकझक्याउन संसदले पहल गर्न अत्यावश्यक भएकोले" भन्ने विषयको जरुरी सार्वजनिक महत्वको प्रस्ताव प्रस्तुत गर्नुहुने ।

मा० श्री यज्ञराज सुनुवार, मा० श्री गणेश कुमार पहाडी र मा० श्री राजेन्द्र प्रसाद लिङदेनले उक्त प्रस्तावको समर्थन गर्नुहुने ।

वार्षिक अनुमानमाथि उठेका प्रश्नहरुको उत्तर

२. मा० अर्थमन्त्री श्री जनार्दन शर्माले आ.व. २०७९/०८० को राजश्व र व्ययको वार्षिक अनुमानमाथिको छलफलमा उठेका प्रश्नहरुको उत्तर दिनुहुने ।

व्यवस्थापन कार्य

३. मा० अर्थमन्त्री श्री जनार्दन शर्माले :-

(क) "विनियोजन विधेयक, २०७९" प्रस्तुत गर्नुहुने ।
(ख) "राष्ट्र ऋण उठाउने विधेयक, २०७९" लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव प्रस्तुत गर्नुहुने ।
(ग) "राष्ट्र ऋण उठाउने विधेयक, २०७९" प्रस्तुत गर्नुहुने ।
(घ) "ऋण तथा जमानत (पच्चीसौं संशोधन) विधेयक, २०७९" लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव प्रस्तुत गर्नुहुने ।
(ङ) "ऋण तथा जमानत (पच्चीसौं संशोधन) विधेयक, २०७९" प्रस्तुत गर्नुहुने ।

४. "यौन हिंसा विरुद्धका केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९" लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि मा० श्री प्रेम सुवालले प्रस्तुत गर्नुभएको विरोधको सूचनाहरुलाई निर्णयार्थ प्रस्तुत गरिने ।

५. मा० कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री गोविन्द प्रसाद शर्मा (कोइराला)ले "यौन हिंसा विरुद्धका केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९" पेश गर्नुहुने ।

६. "फौजदारी कसूर तथा फौजदारी कार्यविधि सम्बन्धी केही ऐन संशोधन गर्ने विधेयक, २०७९" लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि मा० श्री प्रेम सुवालले प्रस्तुत गर्नुभएको विरोधको सूचनाहरुलाई निर्णयार्थ प्रस्तुत गरिने ।

७. मा० कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री गोविन्द प्रसाद शर्मा (कोइराला)ले "फौजदारी कसूर तथा फौजदारी कार्यविधि सम्बन्धी केही ऐन संशोधन गर्ने विधेयक, २०७९" पेश गर्नुहुने ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव